# हरित तथा समावेशी उर्जा कार्यक्रम
## ग्रामीण प्रविधि केन्द्र

# २०७५



## पृष्ठभुमी

ग्रामीण प्रविधि केन्द्र, पम्परागत प्रविधिलाइ सुधार तथा विकास गरी उपभोक्तामैत्री, उपयुक्त नयाँ ग्रामीण प्रविधिहरुको प्रवर्द्धन तथा बिस्तार मार्फत ग्रामीण क्षेत्रका विपन्न समुदायहरुको स्वाष्थ्य तथा आर्थिक र सामाजिक जीवनस्तर अभिबृद्धिका लागि सहयोग गर्ने उद्देश्य लिइ सन् १९८९ मा स्थापना भएको राष्ट्रिय गैह्रसरकारी संस्था हो। भौगोलिक बिविधताले भरिपूर्ण नेपाल जस्तो विकासशील राष्ट्रमा अति दुर्गम क्षेत्रहरुमा विद्युतिकरणका लागि राष्ट्रिय प्रशारण लाईन पुर्‍याउन नसकिएको हुँदा ती क्षेत्रहरु आवश्यक उर्जा सेवाको पहुँचबाट बञ्चित रहेकोछ। नेपालमा विभिन्न नविकरणीय उर्जाको प्रशस्त सम्भावना भएता पनि कूल उर्जा खपतको लगभग ३ प्रतिशतमा ऊर्जा नविकरणीय स्रोतबाट आपूर्ति भइरहेको छ भने कूल उर्जा खपतको करिब ८५ प्रतिशत पराम्परागत जैविक उर्जा स्रोतबाट आपूर्ति भैरहेको छ। त्यसैले नेपालमा ऊर्जा माथिको परनिर्भरतालाई कम गर्न नविकरणीय ऊर्जाको उपयोगमा जोड दिन आवश्यक देखिन्छ।

"हरित तथा समावेशी उर्जा कार्यक्रम, *Green and Inclusive Energy Programme (GIE)*", वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र *(AEPC)* को नीतिगत सहयोग र *ENERGIA/HIVOS, The Netherland* को आर्थिक/प्राबधिक सहयोगमा सहयोगमा संचालित ४ बर्षिय कार्यक्रम (२०१६–२०२०) हो। यस परियोजनाको उद्देश्य विपन्न, महिला, सिमान्तकृत समुदायको घरायसी/उत्पादन मुलक उर्जाको आवश्यकता परिपूर्ति गर्न विकेन्द्रिकृत उर्जा प्रणालिको बिकास तथा प्रबर्धन गर्नुका साथै, क) उपभोक्ताहरुको सुचना/क्षमता अभिबृद्धि ख) निजी क्षेत्र तथा सेवा प्रदायक संस्थाहरुको क्षमता अभिबृद्धि, ग) उर्जामा सबैको पहुँच सुनिश्चित गर्न समावेशी नीति निमार्णका लागी नीतिनिर्माता/योजनाकारहरुसँग पैरवी गर्नु रहेको छ। यसका अतिरिक्त यस कार्यक्रमले संयुक्त राष्ट्रसंघको "सबैका लागी दिगो उर्जा" अभियानमा पनि सहयोग पुर्‍याउने लक्ष्य राखेको छ। नेपालमा हाल यस कार्यक्रमले नेपाल वातावरण पत्रकार समुह, सामुदायिक विद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल नवीकरणीय उर्जा परिसंघ र घरेलु वायु प्रदुषण तथा स्वास्थ्य मञ्च नेपाल सँगको सहकार्यमा विभिन्न क्रियाकलापहरु संचालन गरिरहेको छ। कार्यक्रमले पहिलो बर्षमा काठमाडौ केन्द्रित रहेर साझेदार संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने काम गरेको थियो भने दोस्रो वर्षमा निम्न जिल्लाहरुमा कार्यक्रम गर्ने योजना रहेको छ: गुल्मी, पाल्पा, नवलपरासी, सिन्धुली, उदयपुर र काभ्रे




हरित तथा समावेशी उर्जा उद्‌घाटन कार्यक्रम

## हरित तथा समावेशी उर्जा कार्यक्रमका मुख्य उद्देश्यहरु


- पिछडिएका वर्गमा उर्जाको पहुँच पुर्‍याउने, दिगो तथा स्वच्छ उर्जाका माध्यमबाट जलवायु परिर्वतनको असरलाई न्युनिकरण गर्दै महिला, विपन्न र पिछडिएका वर्गका लागी रोजगारीका अवसरहरु जुटाई उनीहरुको सामाजिक, राजनैतिक र आर्थिक सशक्तिकरण गर्ने।
- सबैका लागि दिगो तथा स्वच्छ ऊर्जा र खाना पकाउनका लागि सबैका लागि स्वच्छ ऊर्जा समाधानको अभियानमा सहयोग पुर्‍याउने।

**लक्षित समुह:**

- उर्जा तथा महिला सम्बन्धि योजना र नीति निर्माणका लागि जिम्मेवार संस्थाहरु
- उपभोक्ताहरूलाई प्रतिनिधित्व गर्ने नागरीक समाज तथा सामुदायिक संघ संस्थाहरु
- साना तथा सुक्ष्म उद्यमीहरुलाई प्रतिनिधित्व गर्ने संघ संगठनहरु
- मिडिया, निजी तथा स्वास्थ्य क्षेत्र

## कार्यक्रम तथा रणनीतिहरु

- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ऊर्जा, जल स्रोत तथा सिचाई मन्त्रालयको नीतिगत सहयोगमा कार्यक्रमहरु सञ्चालन गर्ने।
- घरेलु तथा उद्यमशीलता क्रियाकलापहरुमा हरित उर्जा तथा लैंगिक समानता र सामाजिक समावेशीकरणका मुद्दाहरुलाई प्राथमिकीकरण गर्ने र विद्यमान कमी/कमजोरीहरुको पहिचान तथा समाधानका लागी पहल गर्ने।
- घरायसी तथा उत्पादनमुलक कार्यका लागी आवश्यक स्वच्छ उर्जा आपूर्ती र अभ्यासका लागी सरकारी संघसंस्था, नागरीक समाज र नीजि क्षेत्रसंग सहकार्य गर्ने।
- गाउँपालिका तह, प्रदेश तह तथा केन्द्रिय तहमा विभिन्न सचेतीकरणका कार्यक्रम संचालन गर्ने
- नागरीक समाज, स्थानीय सरकार र साझेदार संस्थाहरुको, घरायसी तथा उत्पादनमुलक क्षेत्रमा आवश्यक स्वच्छ उर्जा आपूर्ती गर्न (समावेशी प्रणालीबाट) ज्ञान र क्षमता अभिबृद्धि गर्ने।
- घरायसी तथा उत्पादनमुलक कामका लागि आवश्यक स्वच्छ उर्जा प्रवर्द्धन गर्न हरेक तहमा (Macro, Meso, Micro) प्रभावकारी सचेतीकरण र क्षमता अभिबृद्धि कार्यक्रम गर्ने।
- नीतिमा अनुकुल प्रभाव पार्न, घटना र प्रमाण संकलन र आवश्यक अनुसन्धान गर्ने।
- हरित तथा समावेशी उर्जाको आवश्यकता सम्वन्धमा सम्वन्धित पक्षको ध्यानाकर्षण गराउने।
- नीजि क्षेत्रलाई, नीति तथा अभ्यासमा उर्जा सम्वन्धि समावेशी नीनि निर्माण र लागु गर्न प्रोत्साहित गर्ने, साथै स्वच्छ उर्जा क्षेत्रमा लगानीका लागी अनुकुल वातावरण बनाउनका लागी पैरवी गर्ने।
- नीनिमा परेको स्थापित प्रभावहरुबारे सुचना संकलन गर्ने र प्रचार प्रसार गर्ने।
- उपभोक्ताहरुको क्षमता अभिबृद्धि गरी, सहभागीतामुलक अनुगमनमा सहभागिता बढाउन वकालत तथा पैरवी गर्ने।
- घरायसी तथा उत्पादनमुलक काममा स्वच्छ उर्जाको प्रयोगबाट स्वास्थ्यमा सुधार ल्याउन पहलहरु गर्ने ।
- मिडिया मार्फत विभिन्न खाले रेडियो तथा टिभी कार्यक्रम प्रसारण गर्ने ।
- निर्वाचित स्थानीय जनप्रतिनिधीहरु, शिक्षक तथा विद्यार्थीहरुमा हरित तथा समावेशी उर्जा विषयमा क्षमता अभिबृद्धि गर्न सचेतीकरण कार्यक्रम संचालन गर्ने ।
- वित्तिय तथा सहकारी संस्थाहरु लाई उपलब्ध उर्जाको उपयोग आयमुलक उद्यम व्यवसाय संचालनका लागी प्रोत्साहित र लगानी जुटाउन सहजीकरण गर्ने
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय /स्वास्थ्य सेवा विभाग/महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय/स्थानीय निकायलाई घर भित्रको धुवाँ र यसले स्वास्थ्यमा पार्ने असरबारे सचेत गराउने, साथै घरभित्रको धुवाँ र यसले स्वास्थ्यमा पार्ने प्रतिकुल असरबारे समुदाय स्तरमा सचेत गराउन स्वास्थ्यकर्मी, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु परिचालन गराउन वकालत तथा पैरवी गर्ने।
- उर्जामा आधारित उद्यम/व्यवसायमा लगानी अभिबृद्धिका लागी वित्तिय संघसंस्थाहरु संग पैरवी गर्ने।










**ग्रामीण प्रविधि केन्द्र**

भनीमण्डल, ललितपुर

वेबसाईट : www.crtnepal.org, ईमेल : info@crtnepal.org

टेलीफोन नम्बर : +977-1-5530071